

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं ७ गते मंगलबार ❑ 23 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## प्रदेश सरकारको उपस्थिति देखिने गरी काम गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौं**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसमक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सोमबार मुख्यमन्त्रीलाई हस्तान्तन्तरण गरेका हुन् ।

प्रतिवेदन ग्रहणपछि मुख्यमन्त्री पोखरेलले जुन उद्देश्यले प्रतिष्ठान गठन गरिएको हो, त्यसै अनुरुप काम भएकामा सन्तोष व्यक्त गरे । नागरिकले पाउने सेवा प्रवाहको क्षेत्रमा काम गर्ने जनप्रतिनिधि र कर्मचारीलाई आवश्यकता अनुसारका तालिम प्रदान आगामी दिनमा प्रतिष्ठानले थप मेहनत गर्न मुख्यमन्त्री पोखरेलले निर्देशन दिए । संघीयतालाई संस्थागत गर्न र प्रदेश सरकारको औचित्य सावित गर्ने सवालमा अझ चिन्तशील भएर काम गर्न उनको निर्देशन थियो । मुख्यमन्त्री पोखरेलले अन्य प्रदेश र गण्डकीमा स्थापित प्रतिष्ठान र तिनका कार्यसम्पादनका बारेमा समेत जिज्ञाशा राखेका थिए ।



प्रतिष्ठानले यसै वर्ष क्वालिटी अस्ट्रियाबाट आइएसओ मान्यता प्राप्त गरेको छ । कार्यकारी निर्देशक पाण्डेले गत वर्षलाई रणनीतिक योजना बमोजिम आर्थिक, संस्थागत विकासको वर्षका रुपमा लिएर काम गरिएको बताए । प्रदेश तथा स्थानीय तहको लागि तालिम आवश्यकताको पहिचान र सोको आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माण गरिएको जानकारी उनले गराए । स्थानीय तहको प्राथमिकतामा रहेको स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन गरी सबै स्थानीय तहमा वितरण गरिएको उनले बताए । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका १ सय ६३ वटा तालिमबाट ६ हजार ८ सय ८७ जनाको क्षमता विकास गरिएको कार्यकारी निर्देशक पाण्डेले बताए । उनका अनुसार, गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि छनौट गरी सिफारिस भएका ८ सय २० जना प्राविधिक कर्मचारीलाई सेवा प्रवेश सम्बन्धी अभिमुखीकरण गरिएको छ । गत आवमा तालिम प्राप्त गरेका कास्की, पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ जिल्लाका १६ वटा पालिकाका ५३ जना कर्मचार ीसँग प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको अनुगमन समेत प्रतिष्ठानले गरेको छ । प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम निर्माण गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति यसै आर्थिक वर्षमा प्राप्त भएको समेत उनले जानकारी गराए । प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत विभिन्न कार्यहरु समेत गर्दै आएको छ । जस अनुसार ८ स्थानीय तहको आवधिक योजना तर्जुमा, २९ वटा पालिकाको राजस्व सुधार कार्ययोजना निर्माण, २० वटा पालिकाको क्षमता विकास योजना निर्माण गरिएको छ । कार्यकारी निर्देश पाण्डेका अनुसार ४४ पालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण, ४९ पालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको छ । यसैगरी प्रदेशका सबै स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्यांकन, सबै स्थानीय तहमा लैंगिक संवेदनशील बजेट र लैंगिक समानता तथा सामाजिक समावेशीकरण अभिमुखीकरण गरिएको छ । उक्त अवसरमा प्रमुख सचिव रविराज पन्थ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव रामप्रसाद आचार्य र मनमाया पंगेनी भट्टराई लगायत सहभागी थिए ।

## प्याराग्लाइडिङ खेल विकासका लागि प्रादेशिक संघ गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौं**

प्याराग्लाइडिङ खेलको विकास, विस्तार तथा यसलाई व्यवस्थित गर्नका लागि प्रादेशिक सङ्घ गठन गरिएको छ । प्याराग्लाइडिङ खेलाडी तथा यस व्यवसायमा आबद्ध पर्यटन व्यवसायीको आज पोखरामा भएको भेलाले वसन्तराज दवाडीको अध्यक्षतामा गण्डकी प्रदेश प्याराग्लाइडिङ सङ्घ गठन गरेको हो ।

नवगठित समितिको उपाध्यक्षद्वयमा योगेश भट्टराई र सुनिल भट्टराई, सचिवमा भेनिष थापा र कोषाध्यक्षमा भरतप्रसाद तिमिल्सिना रहनुभएको छ । यसैगरी सदस्यमा कृषु पौडेल र विजय गौतम हुनुहुन्छ । नेपाल प्याराग्लाइडिङ सङ्घ तथा ह्याङग्लाइडिङ सङ्घ (नेफा)को आयोजनामा भेला भएको हो ।

नवगठित सङ्घका अध्यक्ष दवाडीले साहसिक पर्यटनको गन्तव्यका रुपमा रहेकोपोखराकोप्याराग्लाइडिङलाई संरक्षण गर्दै साहसिक खेल विकासमा आफू नेतृत्वको टोलीले काम गर्ने बताउनुभयो । अन्तर ष्ट्रिय विमानस्थल सञ्चालनसँगै प्याराग्लाइडिङको भविष्यलाई लिएर पर्यटन व्यवसायी चिन्तित भएकाले विमानको सुरक्षा हुने र प्याराग्लाइडिङ जोगिने उपाय खोजी गर्नुपर्ने उहाँको माग छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर राष्ट्रको शिर उँचो बनाउने प्याराग्लाइडिङका लागि राज्यले पूर्वाधारमा लगानी गर्नुपर्ने अध्यक्ष दवाडीले बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य खेलको जस्तै प्याराग्लाइडिङको खेल पूर्वाधार सरकारले बताउनुपर्दछ, प्याराग्लाइडिङ उडान र अवतरण स्थलमा मैदानलगायतका खेल संरचनामा लगानी गर्नु आवश्यक छ ।" आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा तय भएको राष्ट्रिय खेलकुद प्रतियोगितामा प्याराग्लाइडिङ समावेशछ।पोखराकोतोरीपानीबाट यस खेलको प्रतियोगिता सञ्चालनको तयारी गरिएको छ ।

पोखरामा दुई दशकअघिदेखि प्याराग्लाइडिङ उडान हुँदै आएको छ । यसबीचमा प्याराग्लाइडिङ गराउने कम्पनीको पाँच दर्जनभन्दा बढी पुगेको छ । पूर्ण क्षमतामा सञ्चालन हुँदा दैनिक पाँचसय जनालाई सेवा दिने क्षमता यहाँका कम्पनीको छ ।

## निर्वाचनमा मौन अवधि घटाउन एमालेको आग्रह

**रासस**
**काठमाडौं, ६ भदौं**

नेकपा(एमाले)ले आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मौन अवधि घटाउन आग्रह गरेको छ ।

निर्वाचन आयोगको प्रस्तावित निर्वाचन आचारसंहिता, २०७९ सम्बन्धमा आफ्ना तर्फबाट ३७ वटा बुँदामा सुझाव दिँदै एमालेले आयोगसमक्ष मौन अवधि घटाएर २४ घन्टा कायम गर्न आग्रह गरेको हो । यसअघि मौन अवधिको समय ४८ घन्टा तोकिएको थियो । एमालेले सोमबार आयोगलाई निर्वाचन आचारसंहिताले निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटस्थताजस्ता पक्षमा ध्यान दिई निर्वाचन आचारसंहितालाई लागू गर्न सकिने बनाउनुपर्ने सुझाव दिएको छ । निर्वाचन आचारसंहिता लागू हुने अवधि निर्वाचन घोषणादेखि मतदान सम्पन्न नभएसम्म गर्नुपर्ने, उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचार प्रसारका लागि पच्चीस जनाभन्दा बढीको जुलुस लान नपाइनेलगायतको व्यवस्था हुने भएकाले सो व्यवस्था हटाउनुपर्ने तथा गलत मनसायले नियतवश निर्वाचनमा बालबालिकाको प्रयोगलाई निषेध गर्नुपर्ने सो पार्टीले सुझाव राखेको छ ।

एमालेले निजी क्षेत्रमा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई छुट्टै आचारसंहिता लागू नगराई आम मतदातालाई लागू हुने आचारसंहिता लागू गर्नुपर्ने, जुलुस, आमसभा, कोणसभा, बैठक, भेलाको जानकारी स्थानीय प्रशासनलाई गराउनुपर्ने व्यवस्था गर्नुपर्ने र अनुमति भन्ने हटाउनुपर्ने सुझाव दिइएको एमालेका केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको साइक्लिङ पोखरामै हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ भदौं**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको साइक्लिङ खेल पोखरामै हुने भएको छ ।

राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत साइक्लिङ खेलकुदका लागि सोमबार खेलस्थल व्यवस्थापन समिति सहितको टोलीले साइक्लिङ खेलका लागि पोखरा र आसपासका संभाव्य खेलस्थलको अवलोकन गरेको छ । राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत गठित खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक समेत रहेका राखेप सदस्य राजेशकुमार गुरुङ, सचिव एवं प्रशिक्षण प्रमुख कृष्णप्रसाद तिमिल्सिना, नेपाल साइक्लिङ संघका केन्द्रीय अध्यक्ष गोपाल सुन्दरलाल कक्षपति, संघका सचिव देवेन्द्र बस्नेत, कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारी, उपाध्यक्ष अशोक चालिसे लगायतको टोलीले खेलस्थलको अवलोकन गरेको हो ।

टोलीले पोखरा-बागलुङ हाइवेस्थित हेमजाको भाइरल रोड, आर्वाको महाप्रभुधाम, मेथलाङ र शान्ति स्तुपा लगायतको क्षेत्रलाई साइक्लिङका लागि संभाव्य खेलस्थलका रुपमा अवलोकन गरेको हो । साइक्लिङ महिला/पुरुष दुबै इभेन्टका लागि रोड साइक्लिङ र माउन्टन रेस गरी २ क्याटागोरीका लागि टोलीले संभाव्य खेलस्थलको अवलोकन गरेको हो ।

रोड रेस साइक्लिङ अन्तर्गत पनि टाइम ट्रायल र मास रेस गरी २ क्याटागोरीमा साइक्लिङ प्रतियोगिता हुनेछ । जसका लागि हेमजाको भाइरल रोड अन्तर्गत याम्दीदेखि फेंदीसम्मको स्पोर्ट सर्कललाई टोलीले छनोट गरेको छ । सोही क्याटागोरीका लागि पोखरा आसपासको लामाचौर, बाटुलेचौर र महेन्द्रगुफा लगायतको स्पोर्ट्स सर्कललाई पनि संभाव्य साइक्लिङ स्पटको रुपमा अवलोकन गरेको छ । साइक्लिङकै माउन्टेन रेस अन्तर्गत क्रस कन्ट्री र डाउन हिल क्याटागोरीका लागि पोखरा आसपासका उच्चपहाडी क्षेत्र मेथलाङ र आर्वाको महाप्रभुधामको अवलोकन गरेको छ। टोलीले मंगलबार माउन्टेन रेस अन्तर्गतकै क्याटागोरीका लागि शान्तिस्तुपाको समेत अवलोकन गर्नेछ । माउन्टेन रेस अन्तर्गत २ छुट्टाछुट्टै पूर्वाधारहरु जुटाउनुपर्ने हुन्छ। जस्तो क्रस कन्ट्रीका लागि ३ देखि ५ कि.मि.सम्मको ट्र्याक बनाउनुपर्ने हुन्छ । डाउन हिलका लागि डेढदेखि ३ कि.मि.सम्मको ट्र्याक बनाउनुपर्ने हुन्छ । राखेपका सदस्यसहित खेलस्थल व्यवस्थापन समितिका संयोजक एवं साइक्लिङ संघका पदाधिकारी र प्राविधिकसहितको टोलीले साइक्लिङ प्रतियोगिताका लागि पोखरा उपयुक्त स्थान भएको दाबी गरेका छन् । राखेप सदस्य एवं खेलस्थल व्यवस्थापन उपसमिति संयोजक गुरुङले आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश खेलका लागि पोखरामा सबै पूर्वाधार निर्माणसहित व्यवस्थापन गर्ने दाबी गरेका छन् । कुनैपनि खेलका लागि पूर्वाधार निर्माण र व्यवस्थापनमा कहीँ, कतैबाट पनि कमी हुन नदिने गुरुङको प्रतिबद्धता छ । गुरुङ भने, 'हालसम्म खेलस्थलबारे निर्णय भएको छैन। अबको ९/१० दिनभित्र टुंगो लाग्नेछ। तर, राष्ट्रिय खेलकुदकै लागि जतिपनि प्रक्रियाहरु थालिएका छन् । ति सबै परिणाममुखी छन् । अब, मनाङ, मुस्ताङ र लमजुङको अवलोकनपछि सबै टुंगो लाग्नेछन् ।' नेपाल साइक्लिङ संघका अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतिले राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत साइक्लिङका खेलहरु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पार्टीको नीति र विधिविपरीत जानेलाई कारवाही हुन्छ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, ६ भदौं**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टीको नीति, विधि र सिद्धान्तविपरीत गएर निर्वाचनमा अन्तर्घात गर्नेलाई कारबाही गर्ने बताउनुभएको छ ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा आफ्नै पार्टीका उम्मेदवार हराउन र अन्तर्घातमा संलग्नलाई कारवाही गर्ने उहाँको भनाइ छ । अन्तर्घात छानविनका लागि माओवादीले अनुशासन आयोगका अध्यक्ष टङ्क राईको नेतृत्वमा खिमलाल देवकोटा र मुक्ति प्रधान सदस्य रहेको छानविन समिति गठन गरेको थियो ।

सो छानविन समितिको प्रतिवेदन पार्टी केन्द्रीय कार्यालयमा आज बुझ्द उहाँले पार्टीभित्रको अनुशासन तोड्ने कार्य आफैँमा गम्भीर रहेको भन्दै त्यस्ता पात्र र प्रवृत्तिलाई कारवाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाउनुभएको हो । उहाँले दोषीलाई कारवाही नगरे माओवादी कम्युनिस्ट पार्टी जस्तो पनि नरहने बताउनुभयो । "अनुशासन तोड्नेलाई कारबाही नगर्ने हो भने कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टी जस्तो रहँदैन", उहाँले भन्नुभयो । उहाँले निर्वाचनमा भएको अनियमितता र गडबडी सच्याउनेभन्दा पनि पार्टीलाई विधि र अनुशासनमा चलाउने विषयसँग सम्बन्धित रहेको उल्लेख गर्नुभयो । छानविन समितिले गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा विशेष गरी मधेस प्रदेशमा विभिन्न जिल्लामा अन्तर्घात भएको तथा अन्य प्रदेशका केही जिल्लामासमेत समस्या रहेको भन्दै जिम्मेवारीअनुसार कारवाहीको सिफारिस गरिएको छ । समितिले देशभरका पाँच सयभन्दा बढी नेता तथा कार्यकर्तासँग बयान लिएको थियो । गत स्थानीय तहको निर्वाचनमा दुई सय स्थानीय तहमा निर्वाचन जित्ने प्रक्षेपण गरेको माओवादीले अन्तर्घातका कारण अपेक्षित परिणाम आउन नसकेको भन्दै छानबिन समिति गठन गरेको थियो ।




# संचारकर्मी महिलाहरुको छुट्टै पीडा

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

स्वतन्त्र पत्रकार संघ कास्कीले विशिष्ट नारी सम्मान तथा सञ्चार क्षेत्रमा महिला सहभागिता विषयक अन्तरक्रियासहित संघको १० औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

सञ्चारमा क्रियाशील महिलालाई सक्षम बनाउने, प्रोत्साहन गर्ने र नारी दिवसमा महिला पत्रकार सम्मान कार्यक्रम सञ्चालन गर्दै आएको संघले सोही शृङ्खला अन्तर्गत महिलाहरूको महान् पर्व तीजको पूर्व सन्ध्यामा तीन जना प्रतिभालाई विशेष सम्मान अर्पण गरेको हो।

यसरी सम्मानित हुनेमा पोखरा महानगरका ३३ वडामध्ये एकमात्र वडामा महिला वडाध्यक्ष निर्वाचित हुन सफल पोखरा १७ की राधिकाकुमारी शाही, मोफसलको पत्रकारिताबाट नेपाल पत्रकार महासंघको खुला केन्द्रीय सदस्यमा निर्वाचित हुन सफल अधिवक्ता सरिता तिम्सिना पगेनी र रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्रको कार्यक्रम अधिकृत रहेर दीर्घसेवाबाट सम्मानित शान्ति राणा रहेका छन्। सम्मानित शाही, राणा र पगेनीलाई संघका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोला, जिल्ला अध्यक्ष असफल गौतम, नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना वर्षा शर्मा, सञ्चारिका समूह गण्डकी अध्यक्ष



कविता श्रेष्ठलगायतले संयुक्त रूपमा खादा, माला, अविर, सम्मानपत्र र दोसल्लाले सम्मान अर्पण गरेका थिए। तीन सत्रमा सम्पन्न कार्यक्रममध्ये अन्तरक्रिया सत्रकी प्रमुख अतिथि पोखरा १७ की वडाध्यक्ष राधिकाकुमारी शाहीले नेतृत्व तह र नीति निर्माण तहमा महिला सहभागिता संघर्षपूर्ण रहेको बताइन्। उनले सिङ्गो महानगरमा एक मात्र महिला अध्यक्ष हुनुले पनि महिलाले नेतृत्व तहमा पुग्न सहज अवस्था नरहेको प्रष्टयाइन्।

अन्तरक्रियामा नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनी र रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्रकी कार्यक्रम अधिकृत शान्ति राणाले सञ्चारमा महिला सहभागिता विषयमा अवधारणापत्र प्रस्तुत गरेका थिए। अवधारणापत्र प्रस्तोता शान्ति राणाले २००८ सालदेखि नेपालको पत्रकारितामा महिलाको सहभागिता हुन थाल्दा पनि वर्तमान अवस्था सन्तोषजनक नभएको बताइन्। राणाले पत्रकारिता क्षेत्रमा आर्थिक पक्ष सबल नहुनु र सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक पूर्ण कार्यान्वयनमा नआउँदा यो क्षेत्रबाट विस्थापित हुने अवस्था बढ्दै गएको धारणा राखिन्।

नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनीले सञ्चारमा महिला पत्रकार न्यून हुनुका पछाडि सञ्चार गृह महिलामैत्री भएको धारणा राखिन्। नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष जमुना वर्षा शर्माले हरेक नीति निर्माण तहमै महिला सहभागिताको कमीले अधिकांश सञ्चार संस्था महिला-मैत्री नहुँदा सञ्चारमा महिलालाई टिक्न समस्या रहेको बताइन्। सञ्चारिका समूह गण्डकी अध्यक्ष कविता श्रेष्ठले यस्ता महिला सञ्चारकर्मी केन्द्रित कार्यक्रमले सञ्चारमा महिला सहभागिता बढाउन प्रेरणा मिल्ने बताउँदै संघलाई यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्न सुझाव दिइन्। प्रेस युनियन कास्कीका कार्यवाहक अध्यक्ष रविना आले मगरले आफूँ काखमा बच्चा बोकेर भए पनि सञ्चार कर्ममा निरन्तर रहेको बताउँदै प्रत्येक महिला पत्रकार स्वयमूलाई क्रियाशील हुन सुझाव दिइन्। संघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले पुरातन सोचबाट नेपाली समाज ग्रसित भएकाले सञ्चारमा महिला सहभागिता फस्टाउन नसकेको धारणा राखे। संघका राष्ट्रिय पार्षद् नारायण कार्कीले स्वतन्त्र पत्रकारिता कठोर तपस्या भएको बताउँदै संघ स्थापनाको १० औं वर्षसम्म ल्याई पुऱ्याउन सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरे।

शाखा अध्यक्ष असफल गौतमले सौभाग्यले मात्र यस्ता सन्दर्भ जुर्ने गरेको बताउँदै संघको साधारण सभा, सञ्चारमा महिला सहभागिता अन्तरक्रिया र विशिष्ट नारी प्रतिभा सम्मान एकसाथ सम्पन्न गर्न पाउनु दुर्लभ सौभाग्य भएको बताए। साधारण सभाले सचिवको प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको थियो। साहित्यकार अम्बिका भण्डारीले तीजेगीत र निर्मला बरालले कविता प्रस्तुत गरेका थिए। संघका सदस्य राधा ढकालको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सचिव गंगासागर उपाध्यायले गरेका थिए।

# खेलकुद परिषद गण्डकीद्वारा प्रशिक्षक/प्रशिक्षण कार्यक्रमको सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

प्रदेश खेलकुद परिषद गण्डकीले प्रशिक्षकहरुलाई पहिलो चरणको प्रशिक्षक/प्रशिक्षण कार्यक्रमको सोमबारबाट सुरुवात गरेको छ।

आसन्न नवौं राष्ट्रिय खेलकुदलाई मध्यनजर गर्दै परिषदले यस्तो तयारी थालेको हो। यहि भदौ ३ गतेबाट पहिलो चरणको प्रशिक्षण प्रारम्भ भए सँगै १४ विभिन्न खेलका र ५ महिला खेलका स्वयंसेवी गरी कास्कीका १९ जना प्रशिक्षकहरुलाई पहिलो पटक यस्तो प्रशिक्षण दिन सुरुवात गरिएको संयोजक खगेन्द्र क्षेत्रीले बताए। एक साता सम्म दिइने अन्तर्राष्ट्रियस्तरको प्रशिक्षक/प्रशिक्षण कार्यक्रमलाई दोश्रो र तेश्रो चरण गरी सबै जिल्लाका प्रशिक्षकहरुलाई प्रदान गरिने क्षेत्रीले जानकारी दिए।

खेलविज्ञ तथा सिनियर




प्रशिक्षक शुसिल नरसिंह राणाले प्रशिक्षकहरुलाई प्रशिक्षण दिने छन्। प्रशिक्षकलाई आधारभुतरुपमा आवश्यक पर्ने 'ट्रेनिङ प्लान', 'माइक्रो साइकल' लगायतका विषयमा प्रशिक्षण दिइने छ। सो प्रशिक्षण बारे जानकारी दिंदै प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङ उत्कृष्ट नतिजाका लागि प्रशिक्षकहरुलाई यस प्रकारको तालिम महत्वपूर्ण हुने बताए। प्रथम चरणको प्रशिक्षण र छनोट सुरु भए पनि सम्वन्धित खेलका प्रशिक्षकहरुलाई यस्तो प्रशिक्षणले खेलाडीहरुको मनोवल माथी उठाउन सहयोग पुग्ने उनको भनाई थियो। कास्की, नवलपुर, गोरखा, वागलुङ र स्याङजामा पहिलो चरणको छनोट र प्रशिक्षण जारी रहेको बताउँदै सदस्य सचिव गुरुङले सबै जिल्लाका प्रशिक्षकहरुलाई सम्वन्धित जिल्लामा नै प्रशिक्षण दिने कार्यक्रम तय गरिएको र खेल प्रशिक्षण तथा छनोटलाई कुनै बाधा नपुग्ने गरी प्रशिक्षकहरुलाई तालिममा सहभागि गराइएको उनको भनाई थियो।

# पोखराका अभिषेकले अमेरिकामा जारी युनिभर्सल टेनिस रेटिङमा प्रतिस्पर्धा गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

पोखराका अभिषेक बाँस्तोलाले अमेरिकाको ओहायो स्थित कोलम्समा जारी युनिभर्सल टेनिस रेटिङमा प्रतिस्पर्धा गर्ने भएका छन्। मंगलबार उनी जापानिज खेलाडी जेम्स टेर्टससंग प्रतिस्पर्धाका लागि कोर्ट उत्रदैछन्। बलियो प्रतिस्पर्धी मानिएका जेम्स एटिपीका उत्कृष्ट सय भित्रका खेलाडी हुन्।

प्रतियोगिताको विजेता खेलाडीले ३ हजार ५ सय अमेरिकी डलर पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा हाइयष्ट रेटिङप्राप्त २० खेलाडी उपाधी भिडन्तमा छन्। यो स्तरको प्रतिस्पर्धामा सहभागि अभिषेक नेपालकै पहिलो खेलाडी हुन्।




१५ वर्षकै उमेरमा नेपालको शिर्ष वरियता पाएका अभिषेकले एटिपी रेटिङका लागि २५ भन्दा बढि राष्ट्रहरुमा प्रतिस्पर्धा गरिसकेका छन्। टेनिस खेल्नका लागि १५ वर्षको कलिलो उमेरमै घर छाडेर विदेशिएका अभिषेकले यसअघि अमेरिकाको एक कलेजमा ९० प्रतिशत स्कलरशिप पाएका थिए। उनले यसअघि दुई वर्ष सम्म युनिर्भसिटी स्तरिय थुप्रै प्रतिस्पर्धाहरुमा सहभागिता जनाइसकेका छन्।

आउँदै गरेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनी गण्डकीको टिमबाट कोर्ट उत्रने बताइएको छ। प्रदेशले पनि उनीबाट स्वर्ण पदकको आशा राखेको कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक गुरुङ्गले बताए। अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागिता जनाउनका लागि प्रायोजकको खाँचो रहेको बाँस्तोलाले बताएका छन्। 'कोच, फिजियोसंगै लिएर हिंडन निकै खर्चिलो छ, पारिवारिक श्रोतले मात्रै यो खर्च धान्न गाह्रो छ'-बाँस्तोलले भने।

# मिटरब्याजी विरुद्ध प्रशासनमा उजुरी

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ६ भदौं

निरक्षर, गरिब र आर्थिकरुपले अफठ्यारोमा रहेका व्याक्तिहरुलाई शोषण गरेको खबर बाहिर आएपछि गृहमन्त्रालयले कार्यदल गठन गरी उजुरी दिन पाईने व्यवस्था गरेको छ।

मिटरब्याजीका कारण धेरै नागरिकको घरखेत लिलामदेखी विचल्ली परेको बिषयमा देशका सबै जिल्ला प्रशासनमा उजुरी दिनपाईने व्यवस्था गृहमन्त्रालयले शुरु गरेको छ। सोही मुताविक स्याङ्जामा पनि मिटरब्याजी बिरुद्ध जिल्ला प्रशासनमा उजुरी दर्ता भएको छ। स्याङ्जामा दुईजनाले मिटरब्याजीबाट आफु अफठ्यारो परेको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जानकारी दिए। अहिले सम्म प्रशासनमा दुईओटा उजुरी आएका छन् प्रजिअ पौडेलले भने,'गृहमन्त्रालयको निर्देशन अनुसार उजुरी गृहमन्त्रालयमा नै पठाईसकेका छौं।' के कसरी अनुसन्धान हुन्छ त्यो पछि सार्वजनिक हुनेछ उनले भने। अहिले सम्म हामीलाई उजुरी बुझ्ने र मन्त्रालय पठाउने निर्देशन भएकाले सोही बमोजिम उजुरी गृहमा पठाएको बताए। छानविनको अधिकार हामी सगँ नभएको र पछि मन्त्रालयले प्रशासनमै पठाएमा छानविन गर्न भनेमा जिल्लाबाटै हुने प्रजिअको भनाई छ। दुबै उजुरी फेदिखोला गाँउपालिकाबाट आएको प्रशासनले जानकारी दिएको छ। उजुरीकर्ता र मिटरब्याजीमा अपराध गर्ने (पिडित र पिडक) व्याक्तिको नाम भने गोप्य राखिएको छ। दुई उजुरी प्रशासनमा परेपछि भने जिल्लामा यस्तो अपराध धेरै हुन सक्ने आशंका प्रशासनले लगाएको छ। गोप्य रुपले त्यस्ता अपराधीक क्रियाकलाहरु घटेका छन् भने उजुरी दिन प्रशासनले आग्रह समेत गरेको छ। लेनदेन गर्नु अपराध नभएपनि लेनदेनबाट कमाउने उदेश्य राख्नु गैह्रकानुनी हुने बताइएको छ। मिटरब्याजीबाट आर्थिक अपराध गर्नेहरुलाई कानुनी दायरामा ल्याउन सरकारले साउन २७ गते गृहमन्त्री स्तरीय बैठकबाट कार्यदल गठन भएको थियो। यो सुचना सार्वजनिक भएपछि उजुरी दिनेक्रम बढ्न थालेको छ। आर्थिक अपराधीक क्रियाकलापमा परेका उजुरी माथी गृहमन्त्रालयले कसरी छानविन र कस्तो कारवाहि हुने छ भन्ने बिषय भने खुलाइएको छैन। यस्ता अपराधमा संलग्न व्याक्तिहरुलाई कडा कारवाहि र यो सुचनालाई वडातह सम्म पुऱ्याउनुपर्ने स्थानीयहरुको भनाई छ।

# निर्वाचनमा...

जानकारी दिनुभयो।

उहाँका अनुसार आचारसंहितामा मुख्य प्रचारकको सङ्ख्या तोक्नु नहुने तर मुख्य प्रचारक को-को हुने भन्ने जानकारी निर्वाचन आयोगलाई हुनुपर्ने व्यवस्था गर्ने, सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल वा उम्मेदवारको बढी र कुनै राजनीतिक दल वा उम्मेदवारको कम स्थान दिई कार्यक्रम, समाचार, विचार प्रवाह नगरी समानुपातिक र सन्तुलित गर्नुपर्ने, जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकका मुख्य निर्वाचन अधिकृत राख्नुपर्ने, डिजिटल, अनलाइन, छापा, श्रव्यदृश्य सञ्चारमाध्यमको सूक्ष्म अनुगमन गर्न विशेष एकाइ गठन गर्नुपर्ने सुझाव दिइएको छ।

# नवौं...

पोखरामै हुने प्रष्ट पारेका छन्। साइकिलङका लागि यहाँका स्पटहरु उपयुक्त रहेको उनको जिकिर छ। कक्षपतिले भने, 'साइक्लिङका लागि खेलस्थलबारे कुनै दुविधा छैन।

अवलोकन गरिएका संभाव्य स्थानहरुमा साइक्लिङ प्रतियोगिता गर्न सकिन्छ। बाँकी पूर्वाधारको कुरा हो, पूर्वाधार जुटाउनेबारे हाम्रो प्रयास रहनेछ।' त्यस्तै, संघका सचिव देवेन्द्र बस्नेतले आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत साइक्लिङका लागि हेमजाको रोड उपयुक्त रहेको बताए। संघको प्राविधिक प्रमुख समेत रहेका बस्नेतले भने 'यो रोड, साइक्लिङको रोड रेस र टाइम ट्रायलका लागि पर्फेक्ट छ। चुनौती टेक्निकल पाटोको हो, त्यसलाई हामी पूरा गर्नेछौं।

इभेन्टको बेलामा साइक्लिङ स्पोर्ट्स भेन्युलाई विस्तारित र व्यवस्थित गर्नुपर्छ।' नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा साइक्लिङ प्रतियोगिता राखेपको श्रोत, नेपाल साइक्लिङ संघको प्राविधिक सहयोग र कास्की जिल्ला साइक्लिङ संघको नेतृत्वमा हुने कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीले बताए।

नेपाल साइक्लिङ संघ, कास्की जिल्ला साइक्लिङ संघका पदाधिकारी तथा सदस्यहरुको बैठक बसेको छ। यसैबीच, कास्की जिल्ला साइक्लिङ संघले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रशिक्षण छनोटका लागि साइक्लिङको ५१ जनाको नाम सिफारिस गरेको छ। त्यसमध्ये ४० जना पुरुष र ११ जना महिला रहेको कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले बताए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# आचारसंहिता कार्यान्वयन हुने हुनुपर्छ

मंसिर ४ गते हुने संघीय संसदको प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिने दलहरूसँग निर्वाचन आयोगले छलफल गरेको छ । निर्वाचनमा दलहरूले पालना गर्नुपर्ने आचार संहिताबारे दलहरूबीच एकमत हुन सकेको छैन । छलफलमा क्रममा बोल्दै दलका नेताहरुले निर्वाचन आचार संहितालाई पूर्णरुपमा पालना गर्न आफूहरु तयार रहेको बताएका छन । नेताहरुले निर्वाचन आयोगलाई आचारसंहिता पूर्णरुपमा कार्यान्वयन गराउनका लागि अनुगमन गर्न पनि सुझाव दिएका छन् । निर्वाचन आयोगले राखेका कतिपय प्रावधानहरुको भने नेताहरुले बिरोध गरेका छन् ।

आचार संहिता पालना गर्ने विषय पनि सत्तासीन र विपक्षीको फरकफरक बिचार राख्नु राम्रो होइन । नेपाली काँग्रेसका सहमहामन्त्री जीवन परियारले काँग्रेसले निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गरेका छन । निर्वाचन प्रचार प्रसारको क्रममा सामाजिक सञ्जाललाई धेरै बन्देज लगाउनु नहुने सुझाव कांग्रेसको छ । त्यस्तै नेपाल सरकारका प्रधानमन्त्री, मन्त्रीहरु, प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरु आफ्नो निर्वाचन क्षेत्रभन्दा अन्य क्षेत्रमा जान नपाउने भनेर आयोगले ल्याएको प्रावधान अलोकतान्त्रिक, संविधान र कानूनको खिलाफमा रहेको कांग्रेसको असहमति छ । स्थानीय तहको निर्वाचनमा ल्याइएको आचारसंहिता जस्तै बनाउन खोज्दा असहमति जनाउनु पर्ने थिएन । कतिपय अब्यवहारिक कुरा हटाउनुपर्छ ।

नेकपा (एकीकृत समाजवादी) का उपमहासचिव डा. गंगालाल तुलाधरले छलफलमा दलहरुले आचार संहितालाई कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिदै निर्वाचनको अनुगमन सरकारी संयन्त्रमार्फत नगरी न्यायाधीशहरुमार्फत हुनुपर्ने धारणा राखेक छन । आचारसंहिता पालना गर्न दलहरु इमान्दार हुन सकेमात्र निश्पक्षता कायम हुन सक्छ । जनता समाजवादी पार्टीका प्रकाश अधिकारीले आचारसंहितालाई कडाइका साथ पालना गर्न निर्वाचन आयोग सक्षम हुनुपर्नेमा जोड छ । यसअघिका निर्वाचनहरुमा कडाइका साथ पालना हुन नसकेको साना दलको गुनासो छ । आगामी निर्वाचनमा पनि आचारसंहिता पालना हुन नसक्नेमा आशंका छ ।आचार संहितामा निर्वाचनमा हुने खर्चलाई नियन्त्रण गर्ने आधार र मापदण्ड नभएको हुँदा जस्को शक्ति उसैको भक्ति भएको छ ।

सरकारी सुरक्षा निकायसहितको अनुगमन गर्नु स्वतन्त्र र निस्पक्ष हुन सक्दैन । निर्वाचन केन्द्रित टेलिभिजन वहस र विज्ञापनहरूलाई खुला गर्नुपर्ने सझावउनले सरकारका मन्त्रीहरुको सम्बन्धमा निर्वाचन आचारसंहिता छुट्टै बनाउनुपर्ने बताए । निर्वाचन आचारसंहिताले निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटस्थता कायम गर्नुपर्छ । स्थानीय तहको निर्वाचनमा सत्ताधारीले गरेको जस्तो नहुने अवस्था बनाउनुपर्ने निर्वाचन आयोगको काम हो । विपक्षी एमालेले निष्पक्ष , स्वच्छ ,तटस्थ र पारदर्शी होस भन्नेमा चासो राखेको छ । एमालेले सबै पक्षमा ध्यान दिई निर्वाचन आचारसंहितालाई लागू गर्न सकिने बनाउनुपर्ने, आचारसंहिता लागू हुने अवधि निर्वाचन घोषणादेखि मतदान सम्पन्न नभएसम्म हुनुपर्ने, निर्वाचनको मौन अवधि ४८ घण्टा घटाई २४ घण्टा बनाउनुपर्ने सुझाव दिएको छ। उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचार प्रसारको लागि २५ जनाभन्दा बढीको जुलुस लान नपाइने लगायतको व्यवस्था हटाउनुपर्ने, गलत मनसायले नियतवश बालबालिकाको निर्वाचनमा प्रयोगलाई निषेध गर्नुपर्ने, निजी क्षेत्रमा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई छुट्टै आचारसंहिता लागू नगराई आम मतदातालाई लागू हुने आचारसंहिता लागू गर्नुपर्ने सुझाव छन।

सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल वा उम्मेदवारको बढी र कुनै राजनीतिक दल वा उम्मेदवारको कम स्थान दिई कार्यक्रम, समाचार, विचार प्रवाह नगरी समानुपातिक र सन्तुलित गर्नुपर्ने, जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकका मुख्य निर्वाचन अधिकृत राख्नुपर्ने, डिजिटल, अनलाइन, छापा, श्रव्यदृश्य सञ्चारमाध्यमको सुक्ष्म अनुगमन गर्न विशेष इकाई गठन गर्नुपर्ने सुझावलाई आयोगले कुनै दल विषेश भन्दा सबैका साझा हुन । निर्वाचन आयोग सरकारको छायाँमा नपरी संवैधानिक दायित्व निर्वाह गर्न सकेमा आचारसंहिता कार्यान्वयन हुन सक्छ ।

# कालिका मन्दिरमा चढाइएका भेटी र गरगहना सार्वजनिक

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ भदौं**

बागलुङ कालिका गुठी व्यवस्थापन समितिले मन्दिरमा चढाइएका भेटी तथा गरगहना सार्वजनिक गरेको छ ।

समितिले आइतबार पत्रकार सम्मेलन आयोजना गरेर २०७७ कात्तिक २८ देखि हालसम्म मन्दिरमा चढाएको गरगहनाको सार्वजनिक गराएको हो । गुठीका अध्यक्ष कुमार खड्काले मन्दिरप्रति जनताको विश्वास बढाउने र पारदर्शी बन्ने लक्ष्यले जिन्सी सार्वजनिक गरेको बताउनुभयो । सार्वजनिक विवरणअनुसार गुठीले २७ प्रकारका गहना सार्वजनिक गरेको हो । तीमध्ये ११ थान सुनको तिलहरी, दुई थान सुनको सिक्री, चार टीका, पाँच मुन्द्रा, सुनको चन्द्रमा, सुनको फुली, प्रतिमा, सिक्का, औँठी, सुनकै जन्तर, नाग, तारलगायत छन् । त्यस्तै चाँदीतर्फ पनि तिलहरी, घोडा, औँठी, पाउजूजस्ता धेरै गहना मन्दिरमा चढाइएको भेटिएको हो ।

विसं २०७७ अघि मन्दिरमा चढेका गहना जिल्लास्थित मालपोत कार्यालयमा बुझाउने नियम छ । उक्त नियमअनुसार मालपोतमा दाखिला गरेकोसमेत उहाँले जानकारी दिनुभयो । "केही सामग्री पूजाको बेला चाहिने भएर मन्दिरमा थिए, केही प्रभु बैंकको लकरमा राखिएको थियो", अध्यक्ष खड्काले भन्नुभयो, "सरोकारवालाको समन्वय र छलफलपछि ती गहनालाई के गर्ने भन्ने निर्णयमा पुगिन्छ ।" कालिकाको पूजा गर्न आउने भक्तजनले फूल प्रसादबाहेक गहनासमेत चढाउने गर्छन् ।

मन्दिरमा चढाइने भेटी भने हरेक दिन र मासिक सार्वजनिक गर्ने चलन छ । हरेक दिनको भेटी बेलुकी सार्वजनिक बोर्डमा लेखेर मात्रै गुठीका पदाधिकारी र कर्मचारी घर फर्कन्छन् । त्यस्तै मासिकरुपमा पनि खर्च सार्वजनिक गर्ने चलन छ । गुठीका अनुसार साउन महिनामा मात्रै रु १३ लाख २९ हजार आर्थिक सङ्कलन भएको जनाइएको छ । सो आम्दानीबाट रु नौ लाख ४४ हजार खर्चेर तीन लाख ८५ हजार बचत भएको देखाइएको छ । साउनमा मन्दिरमा कमाइ कम हुन्छ । खिर खुवाउने कार्यक्रमलगायतको खर्च भने साउनमा बढी हुन्छ । अन्य महिनामा खर्चको तुलनामा आम्दानी बढी हुने गर्छ ।

कार्यक्रममा मालपोत कार्यालयमा कार्यरत कर्मचारीले अहिलेसम्म राखिएका जिन्सी सामानको जानकारी गराउनुभएको थियो । मालपोतमा राखिएका सामग्री भने सार्वजनिक भएका छैनन् ।

# प्रसिद्ध भैरवस्थानमा हरेलो मेला सुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ भदौं**

बलेवा कालभैरवको प्रचारप्रसार र प्रवर्द्धनका लागि पहिलो पटक आयोजना गरिएको हरेलो मेला आजदेखि सुरु भएको छ । बागलुङ नगरपालिकाको पहलमा बागलुङ-१२ अमलाचौरस्थित भैरवको मन्दिर परिसरमा मेला सुरु भएको हो ।

भैरवस्थान मन्दिर पुनःनिर्माण तथा हरेलो मेला व्यवस्थापन उपभोक्ता समितिले मेलाको आयोजना गरेको हो । मेलाको मूल समारोह मङ्गलबार नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले उद्घाटन गर्ने कार्यक्रम छ ।

"मङ्गलबार र शनिबार मात्रै पूजा हुने मन्दिरमा सोमबारसमेत पूजाको प्रबन्ध मिलाएका छौँ, मेला हेर्नकै लागि देशभरबाट भक्तजन आउनुभएको छ", समिति अध्यक्ष राजु हमालले भन्नुभयो, "यहाँ स्थानीय उत्पादनको प्रदर्शन, स्थानीय कला तथा संकृतिको सवर्द्धन हुनेगरी मेलाका कार्यक्रम तय भएका छन् ।" आज स्थानीय पञ्चेबाजा र भजनको विशेष प्रस्तुति रहेको हमालले बताउनुभयो । तीज गीत प्रतियोगितासमेत आजदेखि नै सुरु हुने आयोजकले जनाएको छ । मेलामा भजन प्रस्तुति, पञ्चेबाजा प्रस्तुति, तीज गीत प्रतियोगिता, छेलो फाल्ने प्रतियोगिता र विभिन्न झाँकी तथा कलाकारको प्रस्तुति रहने अध्यक्ष हमालले बताउनुभयो ।

"पहिलो पटक आयोजना भएको मेलाले भैरवस्थान चिनाउनेछ", नगर उपप्रमुख राजु खड्काले भन्नुभयो, "हरेलोमा यहाँ भक्तजनको निकै भीडलाग्छ,त्यसकोव्यवस्थापनका लागिसमेत मेला सहयोगी हुनेछ ।" मेला व्यवस्थापनका लागि नगरपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको छ । भैरवस्थान मन्दिर हरेक मङ्गलबार र शनिबारमात्रै खुल्छ । बाइसे-चौबिसे राजाका पालादेखि बलेवा कोटअन्तर्गतका सबै क्षेत्रमा भदौको पहिलो मङ्गलबार हरेलो पर्व मनाउने चलन छ ।

खेतीपाती सकेपछि कीराफट्याङ्ग्रा र बाढीपहिरो नलागोस् भनेर यो पर्व मनाउने चलन रहेको बलेवा, पैँयुपाटाका भवानीप्रसाद रिजालले बताउनुभयो । यस पर्वका अवसरमा कालभैरवको पूजाआजा र प्रार्थना गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । दसैँको नवमीको दिन पनि कालभैरवमा भीड लाग्ने गरेको बागलुङ-१२ अमलाचौरका वडाध्यक्ष कोपिलामणि शर्मा बताउनुहुन्छ । बलेवा कालभैरव साविकको पश्चिमाञ्चलकै प्रसिद्ध तीर्थस्थल हो । कालभैरवलाई पशुबलिसँगै नरिवल र फलफूल चढाउने चलन छ ।

कालभैरवमा बलि दिँदा घरपरिवारको दुःख नाश हुने र सुखशान्ति प्राप्त हुने विश्वासले आउने गरेको म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरकी नानु बुढाथोकीले बताउनुभयो । पछिल्लो समय पशुबलिको तुलनामा फलफूल चढाउने संस्कृति विकास हुँदै गएको छ । पशुबलि दिने चलन पनि अन्त्य भइनसकेको स्थानीय नन्दप्रसाद घिमिरेले बताउनुभयो ।

कालभैरवमा गण्डकी प्रदेशका पर्वत, म्याग्दी, स्याङ्जा, पाल्पा, नवलपुर, कास्की, तनहुँ, लमजुङ र ५ नम्बर प्रदेशका गुल्मी, प्यूठान, अर्घाखाँची र काठमाडौँ तथा चितवनबाट दर्शनार्थी आउने गरेका छन् ।

# आयातित तरकारीको माग घट्दै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ भदौं**

धौलागिरि हिमालको फेदी र म्याग्दी तथा कालीगण्डकी नदीको वारिपारिका ग्रामीण खेतबारीमा म्याग्देली कृषकले अर्ग्यानिक खेती प्रणाली सुरु गरेका छन् ।

विशेष गरी व्यावसायिक कृषिमा युवा सहभागिता बढ्दै गएपछि जिल्लामा कृषिले व्यावसायिक रुप लिनुका साथै कृषिमा प्रविधिको प्रयोग र अर्ग्यानिक खेती विस्तारको क्रम बढ्दै जान थालेको हो । विगत तीन वर्षयता यहाँ अर्ग्यानिक खेती विस्तार भएको र यसले व्यापकता पाउँदै गएको यहाँका उपभोक्ताले बताएका छन् ।

तीन वर्षअघिसम्म स्थानीय तरकारीको सट्टा आयातित तरकारी खोजी गर्ने यहाँका उपभोक्ता अहिले भने खोजीखोजी स्थानीय उत्पादन खरिद गर्ने गरेका छन् । "अहिले सदरमुकाम बेनीका प्रायः सबैघरका भान्छामा स्थानीय उत्पादनका तरकारी पाक्ने गर्दछ", बेनी बजारका व्यवसायी राधिका केसीले भन्नुभयो, "ग्राहक स्थानीय उत्पादनको खोजीमा हुन्छन्, गाउँगाउँबाट अर्ग्यानिक तरकारी बजारमा आउन थालेपछि आयातित तरकारीको माग घटेको छ ।" त्यसैगरी कृषकले पनि बजारमा अर्ग्यानिक उत्पादनको माग बढ्दै गएपछि रासायनिक विषादीको प्रयोग गर्न छोडेका छन् । करिब ३० वर्षदेखि कृषि पेसामा लागेका बेनी नगरपालिका-२ खबराका ५९ वर्षीय चन्द्रबहादुर कार्की पछिल्लो दुई वर्षयता आफूले फलाएको तरकारीको माग बढेपछि दङ्ग पर्नुभएको छ ।

घर नजिकैको १४ रोपनी खेत र बारीमा प्राङ्गारिक तरकारी खेती गर्दै आउनुभएका कार्कीले दुई वर्षअघिसम्म कहिल्यै पनि अर्ग्यानिक तरकारीको बिक्री यति धेरै भएको थाहा पाउनुभएको थिएन "म विगत ३० वर्षदेखि तरकारी खेतीमा छु, मेरो जीवनको उर्बर समय मैले मेरै खेतबारीको माटोमा बिताएको छु", उहाँले भन्नुभयो, "तर पछिल्ला दुई वर्षयता जसरी मैले फलाएको तरकारीको बिक्री भयो, त्यसरी यसअघि भएको थिएन ।" युवा नै खेतीपातीको काममा लागेपछि म्याग्दीको ग्रामीण जीवन र कृषि प्रणालीमा नयाँपन थपिएको स्थानीयको भनाइ छ । 'लाहुरेको जिल्ला' भनेर परिचय बनाएको म्याग्दीमा पछिल्लो समय विदेश जाने कम र विदेशबाट फर्किएर आफ्नै गाउँमा कृषिमा लगानी गरी व्यावसायिक बन्ने युवाको सङ्ख्या बढ्दै जान थालेको छ ।

खबराका कृषक शोभित शर्मा, डडुवाका भीमबहादुर भण्डारी, डाँडाखेतका नारायण पौडेल, बाबियाचौरका धर्मराज सुवेदी, अर्मनका टीकालाल सापकोटा, रत्नेचौरका भविलाल किसानलगायतका जिल्लाका दुई दर्जन बढी कृषकले पछिल्लो समय प्राङ्गारिक तरकारी खेतीको सुरुआत गरेका छन् । विगतमा तरकारी बिक्रीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्दै आएका खबराका चन्द्रबहादुर कार्कीले २०७६ को चैतदेखि २०७९ को साउनसम्म तरकारी बिक्री गरेर रु २८ लाखभन्दा बढी आम्दानी भएको बताउनुभयो । त्यसैगरी डडुवाका मोहन भण्डारी पनि गत वर्ष आफूले उत्पादन गरेको तरकारी राम्रो बिक्री भएको र सोचेभन्दा बढी आम्दानी भएको बताउनुभयो । कोरोनापछि धेरै मानिसले अर्ग्यानिक उत्पादन खोज्न थालेको खबराका कृषक शोभित सापकोटाले बताउनुभयो। अर्ग्यानिक तरकारी खरिद गर्न बेनी बजारबाट धेरै ग्राहक बारीमा नै आउन थालेका छन् ।

कोरोनापछि अर्ग्यानिक तरकारी खोज्दै उहाँको बारीमा धेरै उपभोक्ता पुग्छन् । प्राङ्गारिक तरकारी खेती गर्न पाउँदा एकदम खुसी लागेको उहाँ बताउनुहुन्छ । म्याग्दीका छवटा स्थानीय तहमा गरी दुई सयभन्दा बढी कृषक व्यावसायिक तरकारी खेतीमा लागेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

तरकारी खेतीमा लागेका किसानले पछिल्ला वर्षमा मनग्य आम्दानी गर्न थालेका कृषि प्राविधिक जगत बानियाँको अनुभव रहेको छ । बानियाँ भन्नुहुन्छ, "कोरोना कहर सुरु भएयता मानिसले अर्ग्यानिक उत्पादनको महत्व बुझ्न थालेका छन्, यसले गर्दा गाउँका उत्पादनको माग सहर बजारमा बढी हुन थालेपछि किसानलाई फाइदा भएको हो ।" विषादीयुक्त तरकारीले मानव स्वास्थ्यमा धेरै हानि गर्ने हुँदा सबैले अर्ग्यानिक खेती गर्नु कृषिविज्ञको भनाइ रहेको छ । म्याग्दीमा निजी क्षेत्रले करोडौँ लगानीमा कृषि फर्म सञ्चालन गरेका छन् । जिल्लाको बेनी नगरपालिका-४ सिङ्गा र आवेबगरमा करिब रु १० करोडको लगानीमा सञ्चालित हरियाली कृषि फर्म र मङ्गला गाउँपालिकाको हिदीमा रु तीन करोडको लगानीमा प्राङ्गारिक कृषि फर्म सञ्चालित छन् । यी कृषि फर्मले पनि प्राङ्गारिक उत्पादनमा जोड दिँदै आएका छन् ।


जिल्लामा पछिल्लो समय अर्ग्यानिक कृषितर्फ युवाको पनि आकर्षण बढ्दै गएको छ । विशेष गरी कोरोनाका कारण विदेशमा रोजगारी गुमाएर गाउँ फर्किएका युवा अर्ग्यानिक खेतीतर्फ लागेका छन् । कोरोना महामारी बढेसँगै वैदेशिक रोजगारीमा जान नपाउँदा घरमै अलमलिएका म्याग्दीका युवा कृषिमा प्रविधिको प्रयोग गरी बाँझो जमिन जोत्ने र खाद्यान्न उत्पादन बढाउने काममा लागेका छन् ।

सरकारले कृषिमा विभिन्न अनुदानका कार्यक्रम ल्याई कृषि उपकरणलगायत मल र बीउको पनि सहजरुपमा व्यवस्था गर्न थालेपछि कृषि क्षेत्रमा पनि युवाको आकर्षण बढ्दै जान थालेको हो । विगत दुई वर्षअघिको तुलनामा अहिले म्याग्दीमा कृषिउपजको उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । दुई वर्षअघिसम्म कुल खेतीयोग्य जमिनको ६२ प्रतिशत जमिनमा मात्र खेती गरिएकोमा अहिले ८२ प्रतिशत जमिनमा खाद्यान्न, तरकारी र फलफूल खेती विस्तार गरिएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फेवा सहकारीको वित्तीय विवरण सहित सहकारी शिक्षा कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

यस फेवा बचत तथा ऋण सहकारी संस्था लि. पोखरा- ५ जिरो कि.मी. को संचालक समिति, लेखा समिति अन्य उप समिति, निक्षेप कर्ता, शेयर सदस्यहरु र कर्मचारीहरु बिच संस्थाको असार ३१ सम्मको वित्तिय गतिविधि सहित सहकारी सदस्य शिक्षा कार्यक्रम यसै संस्थाका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गको अध्यक्षतामा तमु सांस्कृतिक प्रतिष्ठान नेपालका निवर्तमान अध्यक्ष चिजकाजी गुरुङ्गको प्रमुख आतिथ्यमा, राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमिल्सिनाको प्रमुख प्रशिक्षकमा सम्पन्न भएको थियो।

कार्यक्रममा प्रमुख अथितिले आफ्नो संस्थाको कारोबार गरेको र आफुलाई संस्थाको बारेमा बुझ्दा राम्रो लागेको र राम्रो खालको संस्था रोजेर सदस्य बनी कारोवार गरेमा बैंकको आवश्यक नपर्ने र बैंकमा हामी कारोवारी मात्र हुन्छौं भने सहकारीमा मालिक हुन पाउने, सहकारीमा सबै कुराहरु शेयर सदस्यहरुसँग छलफल गरी सल्लाह गरी निर्णयहरु हुने, शेयर लांभश, व्याज मात्र नभई अन्य कोषहरु बाट सदस्यहरु लाभंवीत हुन पाउने हुनाले सदस्यहरुले बैंक भन्दा सहकारी रोजेको भन्ने कुरा बताउनु भयो।

उक्त कार्यक्रममा प्रमुख प्रशिक्षक बल्लभ तिमिल्सिनाले सहकारी १८२ वर्ष पहिले एउटा कपडा कारखानाका मजदुर बाट सुरु भएको सहकारी अहिले संसार भर फैलिएको र सहकारीहरु अझ बढी मजबुद हुन सहकारी ऐन विपरीत चल्नु हुदैन ऋण लगानी गर्दा धैरै कुरामा ध्यान दिनु पर्दछ। एउटै व्यक्तिलाई धैरै ऋण लगानी नगर्ने बढीमा संस्थागत पुँजी कोषको १० प्रतिशत भन्दा बढी लगानी नगर्ने ठूलो ऋणलाई भन्दा सानो ऋणलाई प्रथामिकता दिदा संस्था कम जोखीममा पर्ने हुन्छ, र संस्थाले बाल बचतका योजनाहरु ल्याउनु पर्दछ किनभने भोली गएर त्यही बच्चा संस्थाको शेयर सदस्य बन्न पुग्दछ र संस्थालाई सदस्यको कमी हुँदैन संस्था दिगो राख्न अर्को पुस्ता तयार गर्नु पर्दछ र संस्थाको संस्थागत कोषहरु जति मजबुद हुन्छ त्यती संस्था दरिलो हुन्छ त्यसैले संस्थागत कोष यस संस्थाको राम्रै रहेको देखिन्छ अझ बढी बृद्धि गर्दै जाँदा अझ बढि मजबुद हुन्छ भन्दै अहिलेको परिवेशमा अरु जिल्लाका सहकारी भन्दा कास्की जिल्लाका सहकारी दरिलो रहेको महिले महसुश गरेको छु भन्ने कुराहरु राख्नु भएको थियो । उक्त कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले संस्थाको यही श्रावण ३१ सम्मको वित्तिय विवरण पेश गर्दै आगमी वर्षको भावी कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो।

उक्त कार्यक्रममा चरक मेमोरीयल कलेज एवम् यसै संस्थाका सदस्य सृजना पण्डीत पाहारी, हाइलाइट कलेज पोखरा-८ सृजनाचोकका संस्थापक अध्यक्ष एवं यसै संस्थाका शेयर सदस्य डा.मोहन भट्टराईले संस्थाको अझ बढी प्रगतीको कामना सहीत शुभकामना राख्नु भएको थियो।

उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले शुभकामना मन्तव्य राख्नु भएको कार्यक्रम संस्थाका प्रबन्धक जगन तिमिल्सिनाले सञ्चालन गर्नु भएको थियो भने उक्त कार्यक्रममा १६० जनाको सहभागीता रहेको थियो।

# दुई पालिकामा भूमिहीनका लागि पुनः निवेदन दिन खुला

पोखरापत्र संवाददाता
तनहुँ, ६ भदौं

तनहुँका दुई पालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि पुनः निवेदन खुला गरिएको छ। राष्ट्रिय भूमि आयोगले भूमिहीनका लागि ३५ दिने सूचना जारी गरेको हो।

शुक्लागण्डकी नगरपालिका र आँबुखैरेनी गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि निवेदन दिन ३५ दिने सूचना जारी गरिएको हो। आयोगले सूचना प्रकाशन गर्दै आफ्नो वडामा तोकिएको ढाँचामा निवेदन दिन आग्रह गरेको छ। शुक्लागण्डकी र आँबुखैरेनीले विभिन्न कारण देखाइ लगत सङ्कलनको काम सम्पन्न हुन नसकेको भनी आयोगमा पुनः सूचना प्रकाशनका लागि अनुरोध गरेको थियो। शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले यसअघि निवेदन दिन छुट भएकालाई लक्षित गरी पुनः निवेदन सङ्कलन गर्न लागिएको जानकारी दिनुभयो।

दुई पालिकामा भदौ २ देखि ३५ दिनभित्र स्थानीय तहबाट वडामा तोकिएका स्थानमा खटिएका लगत सङ्कलकमार्फत पेश गर्न आग्रह गरिएको छ। यसअघि निवेदन परिसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले पुनः निवेदन दिनु नपर्ने तर निस्सा लिन सम्बन्धित वडामा सम्पर्क गर्न अनुरोध गरिएको छ।

यसअघि जिल्लाका दशवटै पालिकामा लगत सङ्कलन गरिसकिएको थियो। शुक्लागण्डकी र देवघाटका एक/एक वडामा जग्गा नापीको कामसमेत सुरु भइसकेको छ। राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीकाअनुसारशुक्लागण्डकी नगरपालिका-७ र देवघाट गाउँपालिका-५ मा जग्गा नापजाँचको काम जारी छ। हालसम्म बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका-१ र २, देवघाट गाउँपालिका-५, भानु नगरपालिका-१, व्यास नगरपालिका १, २, ३ मा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदनको निस्सा वितरण गरिएको छ।

जिल्लाका दश पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ को निवेदन दर्ता भएको छ।

# तथ्याङ्क प्रविष्टिका लागि सम्झौता

पोखरापत्र संवाददाता
दमौली, ६ भदौं

तनहुँको व्यास नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क प्रविष्टिका लागि आदिकवि भानुभक्त क्याम्पससँग सम्झौता गरेको छ।

नगरपालिकाले १४ वटै वडामा दर्ता भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीको तथ्याङ्क प्रविष्टिका लागि व्यास-१ भादगाउँस्थित उक्त क्याम्पससँग द्विपक्षीय सम्झौता गरेको हो।

नगरपालिकासँग जनशक्ति कम भएको र तथ्याङ्क प्रविष्टिका लागि धेरै समय लाग्ने भएकाले प्रविधिमैत्री जनशक्तिको प्रयोग गरी तथ्याङ्क प्रविष्टिका लागि सम्झौता भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो। नगरपालिकाले सबै वडामा निवेदन सङ्कलन गरेकामा व्यास १, २ र ३ निवेदन दर्ताको निस्सा वितरण भइसकेको छ। बाँकी वडाका करिब पाँच हजार पाँच सय तथ्याङ्क प्रविष्ट गर्न बाँकी रहेको छ। तथ्याङ्क प्रविष्टि गर्ने सङ्ख्या धेरै भएको र नगरपालिकासँग त्यसका लागि तीन जना मात्रै जनशक्ति भएकाले छिटो गर्नका लागि द्विपक्षीय सम्झौता गरी काम अगाडी बढाउन लागिएको उहाँले जानकारी दिनुभयो। "अहिलेको जनशक्तिले प्रति व्यक्ति दिनमा २०/२५ वटा मात्रै प्रविष्टि हुने रहेछ, त्यसरी काम गर्दा कम्तीमा एक वर्ष लाग्ने देखियो", उहाँले भन्नुभयो, "काम समयमा नसक्ने भएकाले छिटो प्रविष्टिको काम सक्न सम्झौता गरेर आदिकविको जनशक्ति प्रयोग गर्न लागिएको हो।" आदिकवि भानुभक्त क्याम्पसले विद्यार्थीलाई प्रयोग गरी तथ्याङ्क प्रविष्टिको काम गर्ने भएको छ। एउटा फाइल प्रविष्टि गरेको नगरपालिकाले रु ४० दिने गरी सम्झौता भएको छ। "आदिकवि भानुभक्त क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई अध्ययनका लागि पनि सहयोग पुग्ने देखियो", प्रशासकीय अधिकृत नागिलाले भन्नुभयो, "एक जना विद्यार्थीले दैनिक ३०/३५ वटा अपलोड गर्न सक्छन् भन्ने छ।"

एक महिनाभित्र तथ्याङ्क प्रविष्टिको काम सम्पन्न गरी निस्सा वितरणपश्चात् छिटोभन्दा छिटो लालपुर्जा दिने उद्देश्य राखिएको नागिलाले जानकारी दिनुभयो।

# कोभिड-१९ : छ सय ५८ संक्रमित

रासस
काठमाडौं, ६ भदौं

कोरोना भाइरसबाट सोमबार छ सय ५८ जना सङ्क्रमित भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा छ हजार छ सय ४३ परीक्षणमध्ये सो सङ्ख्यामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो।

पछिल्लो २४ घण्टामा सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार दुई सय ९६ पुगेको छ।आज कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई चार सय ५६ जना घर फर्किएका छन्। यस अवधिमाकोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको छ। अहिलेसम्म ११ हजार नौ सय ९३ जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भइसकेको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालिकोट, मुगु र डोल्पा रहेका छन्।हाल होम आइसोलेसनमा चार हजार एक सय ३४, संस्थागत आइसोलेसनमा एक सय ६२, सघन उपचार कक्ष (आइसियु)मा ५०र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ।विगत २४ घण्टामा ३८ हजार १५ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥**

## सम्झना, सम्मान सहित हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००७/२/२६ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७९/०३/२७ गते**

**स्वः विष्णु प्रसाद कर्माचार्य**

यस धार्मिक क्षेत्रका अति सहयोगी शुभचिन्तक एवम् मन्दिर क्षेत्रको पुनःनिर्माण अभियानमा हामीलाई नजिकबाट धेरै पटक सहयोग गर्ने कालीका अनन्य भक्त हाम्रा हितैषी दाजु पोखरा-१४, चाउथे विजयपुर निवासी **विष्णु प्रसाद कर्माचार्य**को मिति २०७९ आषाढ २७ गते असामयिक देहावसान भएको समाचारले हामी अत्यन्तै दुखित भएका छौं। आज ४५ औं दिनको पुण्यतिथिमा उहाँको चिरआत्माले शान्ति पावस् भनी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै उहाँको सहयोग, हामीसँगको आत्मियतालाई संस्थाले सधैं सम्झना र सम्मान गरिरहनेछ भन्दै यस दुःखद घडीमा उहाँका परिवारजन, आफन्त, इष्टमित्र, बन्धु बान्धव तथा संगी साथीभाइ सबैमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं। अन्त्यमा कालीमाताले हामी सबैको कल्याण गरुन्।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**

## श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार

**कुँडहर, पोखरा-१२/१३**